# वीरगन्ज राजपत्र

स्थानीय सरकार

वीरगन्ज महानगरपालिका द्वारा प्रकाशित

खण्ड (२) वीरगन्ज, जेष्ठ महिना २३ गते २०७५ साल संख्या ४

## भाग– २

## वीरगन्ज महानगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगन्ज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको कार्यविधि नं ४

कार्यविधिको नाम : वीरगन्ज महानगरपालिकाको **सार्वजनिक सम्पत्ति छानविन समितिको**

**कार्यविधि २०७५**

## प्रस्तावना

वीरगन्ज महानगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति रुपमा रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक एवम् ऐलानी पर्ति एवम् मठ मन्दिर पोखरी इनार नहर लगायतको जग्गाहरू २०२१ सालको नाप नक्शालाई आधार मानी खोजविन गर्ने र व्यक्ति विशेषले दर्ता गराएकोमा सो समेत पहिचान गरी पुनः सार्वजनिक कायम गर्ने र निर्माण भएका सार्वजनिक संरचनाको पहिचान एवम् संरक्षण गर्ने समेतका प्रयोजनका निमित्त वीरगन्ज महनगरपालिकाको कार्यापालिकाको बोर्ड बैठक बाट मिति २०७४।१२।२३ सार्वजनिक सम्पत्ति छानविन एवम् सरंक्षण समिति गठन भएकाले सो समितिको कार्यलाइ नियमित, व्यवस्थित र प्रभावकारी बनाउनका लागि कार्यपालिका बैठकले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

**१. सङ्क्षिप्त नाम तथा प्रारम्भः**

(क) यो कार्यविधिको नाम सार्वजनिक सम्पत्ति छानविन एवम् सरंक्षण समितिको कार्यविधि २०७५ रहने छ।

(ख) महानगरपालिका बोर्ड बैठकबाट स्विकृत भइ प्रमुख प्रशासकीय अधिकृतले प्रमाणिकरण गरेको मिति देखि लागू हुने छ।

**२. परिभाषा**

(क) " समिति " भन्नाले वीरगन्ज महानगरपालिका वोर्ड बैठकबाट गठन भएको सार्वजनिक सम्पत्ति छानविन एवम् सरक्षण समितिलाई बुझाउने छ।

(ख) "कार्यालय" भन्नाले वीरगन्ज महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउने छ।

(ग) "कार्यपालिका" भन्नाले वीरगन्ज महानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले वीरगन्ज महानगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ।

(ङ) " कर्मचारी" भन्नाले वीरगन्ज महानगरपालिका र यस अन्तर्गतका वडा कार्यालयका कर्मचारीलाई सम्झनु पर्दछ।

(च) " सदस्य" भन्नाले समितिको संयोजक सदस्य र सदस्य सचिव समेतलाइ सम्झनु पर्दछ।

(छ) " सार्वजनिक वा सरकारी जग्गा " भन्नाले मालपोत ऐन २०३४ को दफा २ (ख२) (ख३) को परिभाषा भित्र परेका सबै जग्गाहरू पर्दछन।

**३. कार्यविधिको पालना गर्नुपर्ने**

(क) वीरगन्ज महानगरपालिकाको कार्यापालिका सदस्य, कर्मचारी, समितिका पदाधिकारी एवम् सदस्य लगायतले पूर्णरुपमा यो कार्यविधिको पालना एवम् समितिको कामकारवाहीलाई सहयोग पुर्याउनु पर्ने छ।

**४. सार्वजनिक सम्पत्ति छानविन एवम् सरक्षण समितिको गठन**

(क) नगर कार्यपालिका बैठकले मिति २०७४।१२।२३ मा निर्णय गरेअनुसार निम्न बमोजिमको समिति गठन भएको छ।

| | | |
|---|---|---|
| संयोजक | श्री | निरन्जन साह सोनार |
| सदस्य | श्री | शभ्भु मिश्र |
| सदस्य | श्री | राजकिशोर गुप्ता |
| सदस्य | श्री | बैजुस्वर्णकार |
| सदस्य | श्री | पारस यादव |

वीरगन्ज महानगरपालिकाका कानुनी सल्लाहाकार र समितिले आवश्यक ठहर गरेका विषयगत कार्यालयहरू जिल्ला प्रशासन, मालपोत, नापी, भुमिसुधार गोश्वरा कार्यालयका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा बोलाउन सकिनेछ।

(ख) कार्यालयका कानुन शाखाका शाखा प्रमुखले यो समितिको सदस्य सचिवको हैसियतले कार्य गर्ने छन्।

## ५. समितिको काम कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन्।

(क) वीरगन्ज महानगरपालिका अन्तर्गत ३२ वटै वडामा रहेका सार्वजनिक जग्गाको परिभाषा भित्र पर्ने सबै जग्गाको पहिचान गर्ने प्रयोजनका निम्ति नापी कार्यालय पर्साबाट सबै वडामा रहेका सार्वजनिक सामुदायिक र सरकारी जग्गाको २०२१ सालको फिल्डबुक र सर्भे नक्शा तथा मा पो का पर्साबाट समेत सरकारी तथा सार्वजनिक जग्गाको श्रेस्ताको प्रतिलिपि माग गर्ने।

(ख) प्राप्त प्रतिलिपिहरूका आधारमा २०२१ सालको नापीको आधारमा महानगरपालिका क्षेत्रमा रहेका सरकारी तथा सार्वजनिक जग्गाहरूको पहिचान गरी छुट्टाछुट्टै लगत खडा गर्ने।

(ग) सार्वजनिक र सरकारी जग्गाको पहिचान पश्चात उक्त जग्गा हाल के कस्तो अवस्थामा छ। व्यक्ति विशेषले प्रयोग गरिरहेका छन् वा खाली छ भन्ने सम्बन्धमा आवश्यकता बमोजिम स्थलगत अध्ययन समेत गरी लगत खडा गर्ने।

(घ) स्थलगत अध्ययनका क्रममा व्यक्ति विशेषले प्रयोग गरिरहेको देखिएमा के कसरी (आफ्ना नाउँमा दर्ता गराइ वा विना प्रमाण ) प्रयोग गरिरहेको हो सो समेत सम्बन्धित वडाको वडा समितिको सहयोग लिइ सरोकारवाला कार्यालयहरूबाट सो सम्बन्धी विवरण माग गरी पत्ता लगाइ निजी जग्गा दर्ता गराएको ठहरे कुन कुन कित्ता जग्गा कसकसले कहिले कुन मितिमा के कसरी आफ्ना नाउँमा दर्ता गराएका हुन भन्ने सम्बन्धमा लगत खडा गर्ने।

(ङ) महानगरपालिका क्षेत्रभित्र रहेका मठ मन्दीर मस्जिद चर्च, गुरुद्वारा जस्ता सार्वजनिक संरचनाहरूको लगत तयार गरी सो सार्वजनिक संरचानहरू र तिनको नाउँमा रहेको चल अचल सम्पत्ति के कसरी कसले प्रयोग गर्दे आएको छ भन्ने विवरण तयार गर्ने।

(च) सार्वजनिक तथा सरकारी सम्पतिको संरक्षणका निम्ति कारवाही अगाडि बढाउने क्रममा समितिका तर्फबाट भएका पत्राचारको समयमा जवाफ नदिने, छलफलमा बोलाउँदा उपस्थित नहुने, समितिको काम कारवाहिलाई असहयोग गर्ने, माग गरेको विवरण पेश नगर्ने कर्मचारीलाई अनुशासन तथा आचरण विपरीतको कार्य गरेको ठहर गरी विभागीय कारावाहीको लागि तोकिएको अधिकारि समक्ष पेश गर्ने।

(छ) उपरोक्तानुसार सार्वजनिक प्रकृतिका संरचानाहरू व्यक्ति विशेषले कब्जा गरेको फेला पारेमा सो कब्जा खाली गराइ सार्वजनिक प्रयोजनका निमित्त विवरण खुलाइ कार्यपालिका समक्ष सिफारिश पेश गर्ने।

(ज) वेदर्ता कसैले सरकारी वा सार्वजनिक सम्पत्ति प्रयोग गरिरहेको देखिएमा खाली गरी सार्वजनिक उपयोगमा ल्याउनका लागि महानगरपालिकालाई आवश्यक शिफारिस गर्ने ।

(झ) समितिले गरेको अध्ययनबाट सरकारी तथा सार्वजनिक जग्गा कसैले कानुन विपरीत दर्ता गराएको पाइएमा त्यस्तो दर्ता बदर गरी पुनः सार्वजनिक भए सार्वजनिक र सरकारी भए सरकारी कै स्वरुपमा दर्ता गर्न कानुनी प्रकृया अगाडि बढाउनका लागि कार्यपालिका समक्ष शिफारिस गर्ने।

(ञ) समितिको कार्य सम्पादन प्रकृया यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै बमोजिम हुने छ। यस कार्यविधिमा उल्लेख नभएको हकमा नगर प्रमुखको राय परामर्शमा समितिले आफैले कार्ययोजना तय गरी कार्य सम्पादन गर्न सक्ने छ।

(च) सार्वजनिक प्रकृतिका मठ मन्दीर देवालय इत्यादी को अचल सम्पत्ति समेतको प्रयोगको अवस्था पत्ता लगाइ त्यसको लगत खडा गरी महानगरपालिका मातहतमा ल्याइ प्रयोगमा ल्याउन उपयुक्त शिफारिस गर्ने।

**६. समितिको कार्य प्रकृयाः**

समितिले गर्ने काम कारवाही समितिको बैठक बसी निर्णय गरेअनुसार हुने छ। तर तत्काल कुनै काम गर्नुपरेमा समितिमा पेश गरी पछी अनुमोदन गर्ने गरी समितिका सदस्यहरूको मौखिक सहमतीमा कार्य गर्न सक्ने छ।

**८. समितिको बैठक**

समितिले तोकिएको कार्यसम्पादन गर्न आवश्यकता अनुसार बैठक बस्नेछ।

**९. सदस्यहरूको सुविधा**

समितिको बैठक बसे वापत तोकिए बमोजिम बैठक भत्ता र खाजा खर्च उपलब्ध गराइने छ।

**१० कर्मचारीको व्यवस्था**

समितिको काम कारवाहिलाई थप परिणाममुखी र प्रभावकारी बनाउन समितिले आवश्यक्ता अनुसार माग गरेको कर्मचारी वीरगन्ज महानगरपालिकाले उपलब्ध गराउने छ।

**११. स्थलगत निरिक्षण**

समितिले कार्य सम्पादन गर्ने क्रममा स्थलगत निरिक्षण गर्नु पर्ने भएमा जुनसुकै समयमा स्थलगत निरिक्षण गर्ने छ।

**१२. अनुमोदन**

समितिले स्वीकृत गरेको यो कार्यविधि महानगरपालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गरिने छ।

**१३ . शंशोधन तथा व्याख्या**

यो कार्यविधिको व्याख्या गर्ने, शंशोधन गर्ने अधिकार नगरकार्यपालिकामा रहने छ।

**१४. समन्वयमा काम गर्नुपर्नेः**

समितिले काम गर्दा नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक परामर्श र समन्वय गरी काम गर्ने छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०२।२१**
**प्रमाणीकरण मितिः २०७५।०२।२३**

आज्ञाले,
डा.भीष्मकुमार भूसाल
प्रमुख प्रशासकीय अधिकृत